३१ असार २०७८, बिहीबार

दान बहादुर बुढा

62 Shares



**मुगु ।** लकडाउनमा थला परेका मुगुका स्थानीयले काम गरे वापत राहत पाउँदा निकै खुसी भएका छन् ।

लामो सयमसम्म लकडाउन हुदा मजदुरी गर्न नपाएर दैनिक छाक टार्न समस्यामा परेका मुगुको छायाँनाथ रारा नगरपालिका वडा नम्बर २ चैन गाँउका ३० र वडा नम्बर ५ का २६ घर परिवारका एकल महिला, एकल पुरुष, अपाङ्ग, असहाय, दलित परिवार गरी जम्मा ५६ जना घर परिवारले ७ दिन काम गरे वापत प्रति घर-परिवाललाई १ क्विन्टल चामल, १० केजी दाल, १ लिटर तेल २ पोका बेसार, २ पोका खुर्सानी, नुन २ केजी, नुहाउने साबुन २ पिस, मास्क ५० थान गरी १० प्रकारका सामानहरु छाँया नेपाल नामक संस्थाले बितरण गरेको हो ।



??????

लकडाउनले निकै थला पारेको वेला बिकास निर्माणका काम पनि बन्द भएर अन्य जिल्ला तथा भारततिर काम जान पि नपाउँदा समस्या थियो । छाक टार्न निकै गारो भएको अवस्थामा छायाँ संस्थाले काम गर्नुहोस्, राहात खाद्यान्न पाउनुहुन्छ भन्दा निकै खुसी भएर विद्यालयको भवन अगाडिको मेशिनरी पर्खाल- ७ दिनमा तयार पार्ने काम भयो । एकातिर कामविहीनले काम र राहत पाए, अर्कोतिर समाजिक सम्पन्न भयो, स्थानीयहरू सबै खुसी छन् ।